**July 13th, 2025** **Sunday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

1. अपरेशन सिन्दूर पछि विदेशमा ब्रह्मोस मिसाइलको माग बढिरहेको रक्षामन्त्री राजनाथ सिंहको भनाइ
2. यात्रुहरूको सुरक्षा बढाउन रेल विभागद्वारा रेलका सबै कोचहरूमा सीसीटीभी क्यामेरा जडान गर्ने निर्णय
3. कला, साहित्य, विज्ञान र समाजसेवा क्षेत्रका चार प्रमुख व्यक्तित्वहरूलाई राष्ट्रपति द्रौपदी मुर्मुले गर्नुभयो राज्यसभामा मनोनित
4. भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला र एक्सिओम-४ मिसनका चालक दलका सदस्यहरू फिर्ता आउने क्रम भोलिदेखि सुरु हुने
5. अनि विम्बल्डन टेनिस प्रतियोगिताको पुरुष एकल फाइनलमा शीर्ष वरीयता प्राप्त यानिक सिन्नरले वर्तमान च्याम्पियन कार्लोस अल्काराजको सामना गर्ने

**अब समाचार विस्तारमा**

1. Rajnath – Brahmos

रक्षामन्त्री राजनाथ सिंहले अपरेशन सिन्दूरको समयमा ब्रह्मोस मिसाइलले उल्लेखनीय प्रदर्शन गरेको बताउनुभएको छ। अपरेशन सिन्दूर पछि, विदेशमा ब्रह्मोस मिसाइलको माग बढेको छ। आफ्नो संसदीय निर्वाचन क्षेत्र लखनऊको नेशनल पीजी कलेजमा उत्तर प्रदेशका पूर्व मुख्यमन्त्री चन्द्र भानु गुप्ताको प्रतिमा अनावरण गरेपछि श्री सिंहले भन्नुभयो .........

2. Rail- CCTV

यात्रुहरूको सुरक्षा बढाउन रेल विभागले रेलका सबै कोचहरूमा सीसीटीभी क्यामेरा जडान गर्ने निर्णय गरेको छ। रेलमन्त्री अश्विनी वैष्णव र राज्यमन्त्री रवनीत सिंह बिट्टुले रेलवे इन्जिन र कोचहरूमा सीसीटीभी क्यामेरा जडानको प्रगतिको समीक्षा गर्नुभएको छ। कोचमा क्यामेरा जडान गर्नाले यात्रुहरूको सुरक्षा प्रणालीमा सुधार हुनेछ। यसले अपराधीहरू पहिचान गर्न मद्दत गर्नेछ। यात्रुहरूको गोपनीयतालाई ध्यानमा राख्दै, यी क्यामेराहरू कोचहरूको ढोका नजिकै जडान गरिनेछ।

३. Prez- Nomination

राष्ट्रपति द्रौपदी मुर्मुले प्रख्यात वकिल उज्ज्वल देवराव निकम, सामाजिक कार्यकर्ता सदानन्दन मास्टर, पूर्व विदेश सचिव हर्षवर्धन श्रृंगला र इतिहासकार तथा शिक्षाविद् मीनाक्षी जैनलाई राज्यसभामा मनोनित गर्नुभएको छ। गृह मन्त्रालयले एक सूचनामा यो जानकारी दिएको हो। प्रधानमन्त्री नरेन्द्र मोदीले उहाँहरू सबैलाई राज्यसभा सदस्यको रूपमा मनोनित भएकोमा बधाई दिनुभएको छ।

3. GST-Collection

भारतमा गत दश वर्षमा कुल प्रत्यक्ष कर सङ्कलनमा २७४ प्रतिशतले वृद्धि भएको छ। वित्त मन्त्रालयले जनाएअनुसार यस अवधिमा करदाताहरूको संख्या १३३ प्रतिशतले बढेको छ।

4. Govt – Fertilizer

केन्द्र सरकारले राज्य र केन्द्र शासित प्रदेशहरूलाई नक्कली र कमसल मलको आपूर्तिमा तत्काल कडा कारबाही गर्न निर्देशन दिएको छ। केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले यस सम्बन्धमा सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्यमन्त्रीहरूलाई पत्र लेख्नुभएको छ। कृषि मन्त्रीले मलको पर्याप्त उपलब्धता सुनिश्चित गर्नु राज्यहरूको जिम्मेवारी भएको बताउनुभयो।

5. Jaishankar - Singapore

सिंगापुर भ्रमणमा रहनुभएका विदेशमन्त्री डा. एस जयशंकरले आज सिंगापुरका विदेशमन्त्री भिभियन बालकृष्णनसित भेटवार्ता गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री जयशंकरले सिंगापुर भारतको Act East नीतिको केन्द्रमा रहेको बताउनुभएको छ। सिंगापुर भ्रमणपछि डा. जयशंकर सांघाई सहयोग संगठनको विदेश मन्त्री परिषद्को बैठकमा भाग लिन चीनको टियांजिन जाने कार्यसूची छ।

5. Bihar - SIR

बिहारमा जारी मतदाता सूचीको विशेष गहन संशोधन अभियान अन्तर्गत, बुथ स्तरका अधिकारीहरू घर-घरमा प्रमाणीकरणका लागि जाँदैछन्। यस क्रममा नेपाल, बंगलादेश र म्यानमारका नागरिकहरू ठूलो संख्यामा पहिचान भएका छन्। बिहारका सबै २४३ विधानसभा निर्वाचन क्षेत्रमा यो अभियान चलिरहेको छ। यसको उद्देश्य वैध कागजात भएका भारतीय नागरिकहरूलाई मात्र मतदाता सूचीमा समावेश गर्नु हो। प्राप्त जानकारीअनुसार अगस्ट १ देखि अगस्ट ३० सम्म उचित अनुसन्धान पछि, यदि यो सत्य पाइएमा, यस वर्ष सेप्टेम्बर ३० मा प्रकाशित हुने मतदाता सूचीबाट त्यस्ता व्यक्तिहरूको नाम हटाइनेछ।

6. Amarnath Yatra – Accident

जम्मू कश्मीरको कुलगाम जिल्लामा श्रीनगर-जम्मू राष्ट्रिय राजमार्गमा तीनवटा बस एक आपसमा ठोक्किँदा कम्तीमा १३ जना अमरनाथ तीर्थयात्री घाइते भएका छन्। यी सबै तीर्थयात्री मध्य प्रदेशका बासिन्दा हुन् र गन्दरबल जिल्लाको बालताल आधार शिविर जाँदै थिए।

7. WHO – Medicine - AI

विश्व स्वास्थ्य संगठनले भारतमा परम्परागत औषधि र विशेष गरी आयुष प्रणालीसँग कृत्रिम बुद्धिमत्ताको एकीकरणलाई एक महत्त्वपूर्ण कदमको रूपमा वर्णन गरेको छ। संस्थाले आफ्नो प्राविधिक प्रतिवेदनमा भनेको छ, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, युनानी, सिद्ध, सोवा रिग्पा र होमियो-प्याथीसँग कृत्रिम बुद्धिमत्ताको प्रभावकारी रूपमा प्रयोग भइरहेको छ।

10.Subhanshu Sukla – Axiom4

भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला र एक्सिओम-४ मिसनका अन्य तीन यात्रुहरूको फिर्ता आउने क्रम भोलिदेखि सुरु हुनेछ। विज्ञान तथा प्रविधि मन्त्री जितेन्द्र सिंहले सामाजिक सञ्जालमा पोस्ट गर्दै सबै अन्तरिक्ष यात्रीहरू मंगलबार दिउँसो ३ बजे पृथ्वीमा फर्कने बताउनुभएको छ। शुभांशु शुक्ला अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको १४ दिने मिसनमा हुनुहुन्छ। उहाँ यस स्टेशनमा पुग्ने पहिलो भारतीय हुनुहुन्छ। उहाँ सन् १९८४ मा अन्तरिक्षमा गएका विङ कमाण्डर राकेश शर्मापछि दोस्रो भारतीय हुनुहुन्छ। शुभांशुका बुबा शम्भुर शुक्लाले खुशी व्यक्त गर्दै आफू धेरै उत्साहित भएको बताउनुभएको छ।

11.Tenzing Norgay Award

तेन्जिङ नोर्गे राष्ट्रिय साहसिक पुरस्कारको लागि मनोनयन सुरु भएको छ। यो पुरस्कार जमिन, पानी र आकाशमा चुनौतीपूर्ण वातावरणमा साहसिक गतिविधिहरू प्रदर्शन गरेबापत दिइन्छ। यो अर्जुन पुरस्कारसँगै दिइन्छ र विजेताहरूलाई १५ लाख रुपैयाँ प्रदान गरिन्छ। पुरस्कारको लागि मनोनयन जुलाई १५ सम्म तोकिएको वेबसाइट awards.gov.in मा गर्न सकिन्छ।

12.IMD Updates

मौसम विभागले आगामी तीन देखि चार दिनमा मध्य प्रदेश, गोवा, केरला, तटीय कर्नाटक, जम्मू कश्मीर र लद्दाखमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। आसाम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा र अरुणाचल प्रदेशमा पनि आगामी पाँच दिनमा भारी वर्षा हुने सम्भावना छ। पश्चिम बंगाल, सिक्किम, बिहार, झारखंड र ओडिशा लगायत देशका पूर्वी भागहरूमा आगामी दुई दिनसम्म यस्तै अवस्था रहने बताइएको छ।

13.Sports News

अब खेल प्रसंगः विम्बल्डन टेनिसको पुरुष एकलको फाइनलमा आज इटालीका यानिक सिन्नरले स्पेनका कार्लोस अल्काराजसँग प्रतिस्पर्धा गर्नेछन्। खेल राति ८:३० बजे खेलिनेछ। सेमिफाइनलमा अल्काराजले अमेरिकाका टेलर फ्रिट्जलाई र सिन्नरले सर्बियाका नोभाक जोकोभिचलाई पराजित गरे। यसैबीच, पोल्याण्डकी इगा स्वाटेकले महिला एकलको उपाधि जितेकी छिन्। यो स्वाटेकको पहिलो विम्बल्डन उपाधि हो। बेलायतका जुलियन क्यास र लयड ग्लासपुलले पुरुष डबल्सको उपाधि जितेका छन्।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुनः एकपटक**

1. अपरेशन सिन्दूर पछि विदेशमा ब्रह्मोस मिसाइलको माग बढिरहेको रक्षामन्त्री राजनाथ सिंहको भनाइ
2. यात्रुहरूको सुरक्षा बढाउन रेल विभागद्वारा रेलका सबै कोचहरूमा सीसीटीभी क्यामेरा जडान गर्ने निर्णय
3. कला, साहित्य, विज्ञान र समाजसेवा क्षेत्रका चार प्रमुख व्यक्तित्वहरूलाई राष्ट्रपति द्रौपदी मुर्मुले गर्नुभयो राज्यसभामा मनोनित
4. भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला र एक्सिओम-४ मिसनका चालक दलका सदस्यहरू फिर्ता आउने क्रम भोलिदेखि सुरु हुने
5. अनि विम्बल्डन टेनिस प्रतियोगिताको पुरुष एकल फाइनलमा शीर्ष वरीयता प्राप्त यानिक सिन्नरले वर्तमान च्याम्पियन कार्लोस अल्काराजको सामना गर्ने